नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट तथा शोधभर्ना शाखा)

पत्र संख्या:- २०८२/८३
च.नं.:- २१

मिति:- २०८२/०८/१६

बिषय:- थप अख्तियारी सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,
सबै ।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. ०१ मिति २०८२/०४/०६ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ४१ बमोजिम महँगी भत्ता मासिक रु. दुई हजार रकम संवत् ०८२ साउन देखि लागु हुने गरी रु. पाँच हजार कायम भएकोले सोही अनुसार भुक्तानी गर्नु गराउन हुन भनी लेखी पठाईएकोमा कतिपय कार्यालयहरूको महँगी भत्तामा न्यून बजेट विनियोजन भएको कारणले बजेट अभाव भएको हुँदा अर्थ मन्त्रालयको प.सं. २०८२/८३ बजेट प्रशासन-१, च.नं. १९५ मिति २०८२/०८/१४ को पत्रबाट यस कार्यालयको नाममा थप अख्तियारी प्राप्त भई आएकाले बजेट उपशीर्षक ६०१०००१५ (कर्मचारी सुविधा) को खर्च शिर्षक नंम्बर २११३२ (महँगी भत्ता) बाट निजामती सेवा, स्वास्थ्य सेवा, संसद सेवाका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान लगायतका राष्ट्रसेवकको लागि अपुग हुने महँगी भत्ता माग भई आएको अवस्थामा प्रचलित कानून बमोजिम भुक्तानी दिनुपर्ने रकम यकिन पश्चात् शुन्य मौज्दात कायम हुने गरी संघीय सरकार अन्तर्गतका कार्यालयको हकमा सम्बन्धित कार्यालयको नाममा सम्बन्धित बजेट उपशिर्षक र खर्च शिर्षकमा LMBIS बाट रकमान्तर गरिदिने र सम्बन्धित कार्यालयले अख्तियारी अनुसार भुक्तानी/निकासा माग गरी खर्च गर्नु गराउनु हुन मिति २०८२/०८/१६ को निर्णयानुसार थप अख्तियारी पठाईएको व्यहोरा अनुरोध छ ।

जनक दुलाल
लेखा अधिकृत